का.जि.प्र.का.द.नं. १००/०५९/६०

**२१ साउन २०७९,**

**शनिबार**

**6 August 2022,**

**Saturday**

**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १८२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

सत्ता गठबन्धन

# भागबण्डा मिलाउन कार्यदल

स्थानीय तहको चुनावमा तालमेल गरेका कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र राष्ट्रिय जनमोर्चा आम चुनावमा पनि गठबन्धन गर्न राजी भएका छन । सिट बाँडफाँडका लागि कार्यदल नै गठन गरेर नेताहरु अघि बढेका छन ।



चुनावी तालमेलका निम्ति बैठकहरु बस्छ, छलफल हुन्छ । यसलाई व्यवस्थित र न्यायपूर्ण गर्ने सहमति भएको छ ।

**ज्ञानेन्द्रबहादुर कार्की**
नेता, नेपाली कांग्रेस





विपरित सिद्घान्त भएका पाँचदलीय गठबन्धनले चुनावमा तालमेल गर्ने कुरा नेपालको संविधानको धारा २६९ को विरुद्धमा छ ।

**डा.भीम रावल**
नेता, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० साउन ।

सत्तारुढ पाँच दलीय गठबन्धन आसन्न प्रदेश र संघीय चुनावमा पनि एक भएर जाने भएका छन । सरकारले बिहीबार ४ मंसिरमा प्रदेश र प्रतिनिधि सभा निर्वाचन गर्ने मिति घोषणा गरेको थियो। भोलिपल्ट शुक्रबार नै सत्ता गठबन्धनमा रहेका दलका शीर्ष नेताहरु बसेर गठबन्धन गर्ने ओपचारिक निर्णय लिएका हुन् ।

योसँगै स्थानीय तहको चुनावमा तालमेल गरेका कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र राष्ट्रिय जनमोर्चाले आम चुनावमा पनि गठबन्धन गर्ने पक्का भएको छ। यो सँगै गठबन्धन सिट बाँडफाँडमा केन्द्रीत भएको छ । यसका लागि कार्यदल नै गठन गरेर नेताहरु अघि बढेका छन । कार्यदलका ११ जना सदस्य छन ।

कांग्रेसबाट कृष्णप्रसाद सिटौला, महामन्त्री गगनकुमार थापा र ज्ञानेन्द्रबहादुर कार्की छन् भने माओवादी केन्द्रबाट वर्षमान पुन र जर्नादन शर्मा छन् । नेकपा (एकीकृत समाजवादी)बाट उपाध्यक्ष प्रमेश हमाल र महासचिव बेदुराम भुसाल, जनता समाजवादी पार्टीबाट रामसहाय यादव, रकम चेम्जोङ र राष्ट्रिय जनमोर्चाबाट हिमलाल पुरी र आनन्द शर्मा सदस्य छन् । कार्यदललाई कुन दलले कति सिट लिने भनेर साउन अन्तिमसातासम्म सिफारिस गर्न भनिएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनको बैठकपछि कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले तालमेलको गृहकार्य सुरु भएको बताए ।

– बाँकी पृष्ठ २ मा

# गठबन्धनलाई एउटै चुनाव चिन्ह रोज्ने सुविधा

निर्वाचन आयोगले आगामी चुनावमा गठबन्धन गरेर एउटै चुनाव चिन्हबाट चुनाव लड्न चाहे त्यो सुविधा दिने भएको छ । तर, त्यसका लागि अग्रिम सुचना दिनुपर्ने हुन्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० साउन ।


राजनीतिक दलहरुले आगामी प्रदेश र प्रतिनिधिसभाको चुनावमा गठबन्धन गरेर एउटै चुनाव चिन्हबाट चुनाव लड्न चाहे त्यो सुविधा पाउने भएका छन ।

निर्वाचन आयोगका अनुसार एउटै चुनाव चिन्हमा प्रतिस्पर्धा गर्न चाहने दुई वा दुई भन्दा बढी दलले अग्रिम सूचना दिनुपर्ने हुन्छ । गठबन्धन बनाएर चुनावमा जाने पक्कापक्की गरेका दलहरुबीच एउटै चिन्हमा चुनाव लड्नेबारे छलफल चलिरहेका बेला आयोगले यस्तो सुविधा दिने बताएको हो । एउटै चुनाव चिन्ह लिन चाहनेका लागि आइतबारदेखि साउन ३१ गतेभित्र आवेदन दिनुपर्ने सूचना जारी भएको छ । जारी सूचना अनुसार साउन ३१ गतेभित्र आवेदन दिने एउटै चुनाव चिह्नमा चुनाव लड्ने भनेर निवेदन दिने दुई वा दुई भन्दा बढी दलले एउटै चुनाव चिह्न रोज्ने सुविधा प्राप्त गर्नेछन् ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम पौडेल भन्छन्, 'दुई वा दुई भन्दा बढी दलले एउटै चुनाव चिन्हमा प्रतिस्पर्धा गर्ने भए त्यसको जानकारी आयोगलाई दिनुपर्छ ।'

पौडेलका अनुसार राजनीतिक दलहरुले साउन ३१ गतेसम्म संघमा लड्ने भए संघ र प्रदेशमा लड्ने भए प्रदेशका लागि आवेदन दिनुपर्नेछ ।

दल दर्ताको लागि निवेदन दिँदा राजनीतिक दलको विवरण, दलको केन्द्रीय कार्यकारिणी समिति, प्रदेश र जिल्ला समितिका पदाधिकारी तथा सदस्यको संख्या, दलले वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको मिति र दलको केन्द्रीयस्तर र प्रदेशस्तरको कार्यकारिणी समितिको पछिल्लो निर्वाचन भएको मिति समेत उल्लेख गर्नुपर्नेछ ।



दुई वा दुई भन्दा बढी दलले एउटै चुनाव चिन्हमा प्रतिस्पर्धा गर्ने भए त्यसको जानकारी आयोगलाई दिनुपर्छ ।

**शालिग्राम पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

आम चुनाव २०७९

# दल दर्ता आह्वान

सरकारले आगामी ४ मंसिरमा प्रतिनिधिसभा तथा प्रदेशसभाको चुनाव घोषणा गरेको भोलिपल्टै निर्वाचन आयोगले दल दर्ता आह्वान गरेको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० साउन ।

सरकारले आगामी मंसिर ४ गते आमचुनाव घोषणा गरेको भोलिपल्टै निर्वाचन आयोगले दल दर्ता आह्वान गरेको छ। सूचना निकालेर आयोगले आगामी ४ मंसीरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुलाई दर्ता हुन आह्वान गरेको हो । आयोगका अनुसार ३१ साउनभित्र दर्ता गरिसक्नुपर्नेछ ।

आयोगले चुनावी प्रयोजनका लागि दल दर्ता गर्न आह्वान गर्दै भनेको छ, 'श्रावण २२ गते देखि २०७९ साल श्रावण ३१ गतेसम्म कार्यालय समयभित्र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को अनुसूची १२ बमोजिमको ढाँचामा निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं स्थित कार्यालयमा दल दर्ताका लागि निवेदन दिन सूचित गरिएको छ ।' दल दर्ताको निवेदन दिँदा दलको विवरण, दलको केन्द्रीय, प्रदेश र जिल्ला समितीका पदाधिकारीको विवरण र संख्या अनि वार्षिक लेखापरीक्षण प्रतिवेदन साथमा बुझाउनुपर्नेछ ।

आयोगले केन्द्रीय र प्रदेश स्तरको समितिको पछिल्लो निर्वाचन भएको मिति समेत उल्लेख हुनुपर्ने भनेको छ। यस्तै दल दर्ताका लागि प्रतिनिधिसभाको छुट्टै अनि प्रदेशसभाका लागि हरेक प्रदेशका लागि छुट्टाछुट्टै निवेदन दिनुपर्नेछ । आयोगका अनुसार दल दर्ताका लागि सार्वजनिक विदाको दिन समेत कार्यालय खुला हुनेछ ।

यो सँगै निर्वाचन आयोगले चुनावी तालिका अगाडि बढाएको छ। अब आयोगले मतदाता नामावली प्रकाशन, समानुपातिक तर्फको बन्द सूची निर्माण, दलहरुलाई चुनाव चिन्ह प्रदान, उम्मेदवारी दर्ता, मतदान केन्द्र निर्धारण लगायत तालिका सार्वजनिक गर्नेछ। आयोगले सरकारलाई १२० दिनको समय राखेर चुनाव घोषणा गर्न सुझाव दिएको थियो । आयोगले चुनावको मिति समेत प्रस्ताव गरेको थियो ।

तर आयोगले प्रस्ताव गरेअनुसार २ मंसिरमा चुनावको मिति घोषणा भएन । तर सरकारले १०८ दिनको समय मात्रै दिएपछि चुनावी तालिकामा केही हेरफेर हुने देखिन्छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले भने सरकारले घोषणा गरे बमोजिम चुनाव हुने बताइसकेका छन् ।

# मलेसियामा कामदार भर्ना प्रक्रियामा घुस लिएको आरोपमा दश जना पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

मलेसियाको भ्रष्टाचार विरोधी आयोग (एमएसीसी)ले विदेशी कामदार भर्ना प्रक्रियामा घुस लिएको आरोपमा दश जनालाई पक्राउ गरेको छ । शुरूमा घुस लिएको अभियोगमा पक्राउ परेका ८ जनाका बारेमा सोधपुछका लागि अनुसन्धानको घेरामा परेका थप २ जना पनि पक्राउ परेका हुन् ।

एमएसीसीले आईटी कम्पनीको लागि आवश्यक विदेशी कामदारको भिसा प्रक्रियामा एक मिलियन मलेसियन रिँगेट भन्दा बढी घुस लिएको विषयमा अनुसन्धान गरिरहेको जनाएको छ । एमएसीसीले कुन देशबाट लैजान लागिएका कामदारको लागि उक्त घुस रकम प्रयोग भएको हो भन्ने खुलाएको छैन । पक्राउ परेका दश जनामा एक आईटी कम्पनीका सीईओ पनि रहेका छन् ।

कोरोना भाइरस संक्रमणका कारणले करिब दुई वर्ष विदेशी कामदार ल्याउन रोकेको मलेसियाले गत जनवरीदेखि प्लान्टेशन र फेब्रुअरीदेखि अन्य क्षेत्रमा विदेशी कामदारको नयाँ भर्ना गर्न शुरूवात गरेको हो। मलेसियाले नेपालसहित १५ श्रोत मुलुकबाट विदेशी कामदार लैजाने गरेको छ ।

मलेसियाको मानव संसाधन र गृह मन्त्रालयले १५ स्रोत मुलुकका उत्पादन, निर्माण र सेवा उद्योगहरूमा काम गर्न खुला गरेपछि डिमाण्ड हत्याउन बिचौलियाहरू सक्रिय रहेको बताइएको छ । विशेष गरी नेपाली कामदार कार्यरत सेक्युरिटी गार्डको क्षेत्रमा कामदार जाने गरेका छन् ।

वैदेशिक रोजगार विशेष

## क्यानडाको नाममा ठग्ने महिला पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भनी प्रलोभन दिई ठगी गरेको आरोपमा प्रहरीले एक जना महिलालाई पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले सिन्धुपाल्चोको बाह्रबिसे नगरपालिका-१ घर भई हाल काठमाडौं महानगरपालिका-६ बस्ने ४७ वर्षीया छिरिङ डोमा शेर्पालाई पक्राउ गरिएको बताए । शेर्पाले रत्नबहादुर तामाङलाई वर्किङ भिसामा

– बाँकी पृष्ठ २ मा

# ताइवानबारे मौन कुटनीति

ताइवानलाई लिएर विश्व नै दुई ध्रुवमा विभाजित हुन खोजिरहेका बेला नेपालले मौनता साँधेको छ । यसलाई कुटनीतिक मामलाका जानकारहरु मौन कुटनीतिको संज्ञा दिन्छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० साउन ।

परराष्ट्र मन्त्रालयले चीन ताइवानको विषयलाई नजिकबाट नियालिरहेको बताएको छ । शुक्रबार पत्रकार सम्मेलन नै गरेर परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले नेपाल मौन रहेको संदेश दिएकी हुन ।

ताइवानलाई लिएर विश्व नै दुई ध्रुविमा विभाजित हुन खोजिरहेका बेला नेपालले मौनता साँधेको छ । यसलाई कुटनीतिक मामलाका जानकारहरु मौन कुटनीतिको संज्ञा दिन्छन् ।

तर, नेपालले एक चीन नीतिप्रति प्रतिवद्ध रहेको भने दोहोऱ्याएको छ । ' चीन ताइवानको विषयलाई नेपालले नजिकबाट नियालिरहेको छ । एक चीन नीतिको समर्थन गर्दै आएको छ।' प्रवक्ता लम्सालले भनेकी छन । उनले नेपाल अन्तराष्ट्रिय शान्तिको पक्षमा रहेको पनि बताएकी छन ।

यसैबीच, परराष्ट्रमन्त्री डा. नारायण खड्काको चीन भ्रमण तय भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार अर्को साता उनी चीन भ्रमणमा जानेछन् । भ्रमणका क्रममा चीन र नेपालबीच हुने सम्झौता कुराकानी भइरहेको र यसबारे पुन: पत्रकार सम्मेलन गरिने परराष्ट्र मन्त्रालयले बताएको छ ।

परराष्ट्रमन्त्रालयका अनुसार चिनियाँ समकक्षी वाङ यीको निमन्त्रणमा डा. खड्का मंगलबार चीन जान लागेका हुन ।



चीन ताइवानको विषयलाई नेपालले नजिकबाट नियालिरहेको छ । नेपाल अन्तराष्ट्रिय शान्तिको पक्षमा छ र एक चीन नीतिको समर्थन पनि गर्दै आएको छ ।

**सेवा लम्साल**
प्रवक्ता, परराष्ट्र मन्त्रालय

# तीन तहको शिक्षालाई जोड दिनुपर्छ : शिक्षामन्त्री



**काठमाडौं/मस-** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले माध्यमिक, प्राविधिक र उच्च शिक्षा तहको शिक्षालाई जोड्न ९० दिन विद्यार्थीलाई इन्टर्नशिप गराउने नीति ल्याइएको बताएका छन् ।

विश्वविद्यालय अनुदान आयोगमा ११ विश्वविद्यालयका उपकुलपतिसँगको छलफलमा स्नातक र स्नातकोत्तर तहका विद्यार्थीलाई ९० दिन इर्न्टन गराउनुपर्ने नीति कार्यान्वयन गर्न निर्देशन दिए । 'तीन तहको शिक्षालाई जोड्न ९० दिन अनिवार्य इन्टनशिप गर्नपर्ने सरकारको नीति तथा कार्यक्रम छ', उनले भने, 'कार्यान्वयन गर्न कार्यदल गठन गरौं ।'

बैठकमा शिक्षामन्त्री पौडेलले विश्वविद्यालयको आ-आफ्नो ऐनमा व्यवस्था गरेर लैजान निर्देशन दिए । 'तालाबन्दीले विश्वविद्यालय थिलथिलो बनाएको छ । त्यसैले तालाबन्दी अन्त्यका लागि आ-आफ्नो ऐनमा व्यवस्था गरेर लैजान निर्देशन दिएको छु', उनले भने । मन्त्री पौडेलले ऐनमा व्यवस्था गरेर लानका लागि समय लाग्ने भएकाले ऐनमा व्यवस्था नभएसम्म वार्ताबाट समाधान गर्न, तालाबन्दीको कारण कुनै पनि काम प्रभावित हुन नदिने उपाय अपनाउन निर्देशन दिए ।

यस्तै, आंशिक तथा करार कर्मचारीको समस्या विश्वविद्यालय अनुदान आयोगमार्फत समाधान गर्ने विषयमा समेत छलफल भएको छ । आन्तरिक प्रतिस्पर्धामार्फत नियुक्ति गर्ने र बाँकी रहेकालाई गोल्डेन ह्यान्ड सेकमार्फत मिलान गर्ने गरी छलफल भएको हो ।

छलफलमा सहभागी उपकुलपतिहरूले विश्वविद्यालयले बजेट पास गरे पनि अर्थले भने जति रकम नदिँदा अप्ठ्यारो पर्दै गइरहेको गुनासो गरेका थिए । विश्वविद्यालयमा भइरहेको तालाबन्दी, कर्मचारीको तलब वृद्धि, कर्मचारी दरबन्दीलगायतका विषयमा उपकुलपतिहरूले आफ्नो धारणा राखेका थिए ।

# 'उत्पीडित खसहरुको अधिकार सुनिश्चित गर्नुपर्छ'



**काठमाडौं/मस-** जनता समाजवादी पार्टी (जसपा) नेपालको खसान राष्ट्रिय समितिले भरत कुमार केसीको अध्यक्षतामा ५१ सदस्यीय समिति गठन गरेको छ । केसीको अध्यक्षतामा गठित समितिको उपाध्यक्षमा खगिसरा खत्री, सचिवमा अमर काफ्ले, कोषाध्यक्षमा लक्ष्मी सिजापती चयन भएका छन् । सदस्यहरुमा रत्नराज एउटी, राजबहादुर भाम, चित्र बहादुर ओली लगायतका रहेका छन् ।

कार्यक्रममा बोल्दै जसपा राजनीति समितिका सदस्य एवम् खसान कर्णाली प्रदेशका इन्चार्ज राजन केसीले जसपा पार्टी उत्पीडित जनता र दुखीहरुको सहारा भएको बताए । राज्य पुनर्संरचना आयोगको राय अनुसार नै राज्य पुनर्संरचना हुनुपर्ने बताए । उत्पीडित खस र खसानको अधिकार सुनिश्चित हुनुपर्ने उनको भनाइ थियो ।

कर्णाली प्रदेश अध्यक्ष देवीकृष्ण न्यौपानेले उत्पीडित खसहरु र खसानको सवालमा आफू प्रतिबद्ध रहेको बताए । कर्णाली प्रदेश मुख्य सचिव चन्द्रकला विकले सुर्खेतमा संग्राहलय निर्माण गर्नपर्ने भन्दै पुनर्गठित समिति बधाई तथा शुभकामना गरिन् । जुम्लाबाट काठमाडौं आएका बिर्खा नेपालीले जसपाको खसानको अवधारणाको कारण आफू प्रभावित भएर कार्यक्रममा आएको बताए । नयाँ समितिको अध्यक्ष केसीले जसपाको नीति निर्देशनमा रहेर आगामी निर्वाचनमा कर्णालीबाट अत्याधिक मत ल्याउने प्रतिबद्धता व्यक्त गरे ।

# परराष्ट्रमन्त्री खड्का मंगलबार चीन जाने



**काठमाडौं/मस-** परराष्ट्रमन्त्री नारायण खड्का चीन भ्रमणमा जाने भएका छन् । परराष्ट्र मन्त्रालयले शुक्रबार विज्ञप्ती जारी गर्दै मन्त्री खड्काले साउन २४ गते मंगलबारदेखि २६ गतेसम्म चीनको औपचारिक भ्रमण गर्ने जानकारी दिएको हो । चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा मन्त्री खड्का चीन जाने तय भएको हो ।

परराष्ट्र मन्त्रालयका अनुसार चीनको सान्दोङ प्रान्तको छिङ्दवामा दुवै नेताबीच साउन २५ मा भेटवार्ता हुने जनाएको छ । मन्त्री खड्का साउन २६ गते स्वदेश फर्कनेछन् । यसअघि चिनियाँ विदेशमन्त्री वाङ र चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभाग प्रमुख लिउ जियान्चाओले नेपाल भ्रमण गरेका थिए ।

# गृहमन्त्री खाँणसँग चिनियाँ राजदूतको भेट



**काठमाडौं/मस-** गृहमन्त्री बालकृष्ण खाँणसँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेटवार्ता गरेकी छिन् । गृह मन्त्रालयमा शुक्रबार भएको भेटमा दुई देशबीचको आपसी सम्बन्ध थप सुदृढ बनाउनेबारे छलफल भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । भेटमा गृहमन्त्री खाँणले नेपाल एक चीन नीतिको पक्षमा रहेको स्पष्ट पारेकी जनाइएको छ ।

'नेपाल एक चीन नीतिको पक्षमा छ, नेपालभित्र छिमेकी राष्ट्रविरुद्ध कुनै गतिविधि हुन नदिन हामी प्रतिबद्ध छौं', गृहमन्त्रीको भनाइ उद्धृत गर्दै उनका प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिए । उनले नेपाल असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तमा अडिग रहेको पनि बताउनुभयो । अन्य छिमेकी मुलुक र चीनको शान्ति नेपालको हितमा रहेको गृहमन्त्री खाँणको भनाइ थियो । भेटमा राजदूत यान्छीले नेपालमा हुने विपद्को व्यवस्थापनमा चीन सहयोग गर्न तयार रहेको बताए ।

सरकारले बिहीबारमात्रै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन घोषणा गरेकोमा चीनले खुसी व्यक्त गरेको राजदूत यान्छीले जानकारी गराएकी थिइन् ।

जनताको मतबाट प्रतिनिधि चुनिने व्यवस्थाको पक्षमा चीन सदैव रहने भन्दै राजदूत यान्छीले जनमतबाट आउने नयाँ सरकारसँग चीन सहकार्य गर्न तयार रहेको बताइन् । उनले यसै वर्ष चिनियाँ कम्युनिष्ट पार्टीको पनि अधिवेशन हुनलागेको जानकारी गृहमन्त्री खाँणलाई गराएकी थिइन् ।

# चितुवाको छालासहित चार जना पक्राउ



**दिपक दत्त भट्ट /मध्यान्ह**
कैलाली, २० साउन

कैलालीको अत्तरियाबाट चितुवाको छाला र हड्डीसहित चार जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा डोटीको जोरायल गाउँपालिका-२ का समिर ओली, कैलालीको चुरे गाउँपालिका-६ का टेकबहादुर रावत, सोही ठाउँका धिरेन्द्र रावत र बैतडीको डिलासैनी गाउँपालिका-२ का राजेन्द्रसिंह भण्डारी रहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

उनीहरुको साथबाट प्रहरीले चितुवाको टाउकोदेखि पुच्छरसम्मको छाला र २ केजी हड्डी बरामद गरेको छ । उनीहरुलाई गोदावरी नगरपालिका-२ तेघरी नजिकबाट बिहीबार राति सवा १२ बजे पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बेद जोशीले जानकारी दिए ।

चितुवाको छाला ओसारपसार भैरहेको सूचनाका आधारमा आरइटी र इलाका प्रहरी कार्यालय मालाखेतीको टोलीले खोजतलास गर्ने क्रममा उनीहरुलाई पक्राउ गरिएको हो । उनीहरु सबैजना सु.प.प्र. ०४-००१ च ०००६ नम्बरको बोलेरो जिपमा सवार थिए । डोटीको बुडरबाट अत्तरियातर्फ आइरहेको जिप रोक्न खोज्दा तत्काल नरोकेपछि शंका लागी चेकजाँच गरिएको थियो । पक्राउ परेकामध्ये ओली जिपका चालक हुन् । उनीहरु सबैलाई जिल्ला वन कार्यालय कैलालीको जिम्मा लगाउने पहल भैरहेको प्रहरीले जनाएको छ ।

# थप ९१२ जनामा कोरोना

**काठमाडौं/मस-** शुक्रबार ९१२ जनामा कोभिड संक्रमण पुष्टि भएको छ । यस अवधिमा कोभिड संक्रमणबाट एक जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा छ हजार चार सय ९१ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार नौ सय ४१ जनाले पिसिआर र तीन हजार पाँच सय ५० जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा तीन सय ७० जना कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ७१ हजार छ सय २० पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको संख्या पाँच हजार सात सय ६० रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ७० पुगेको छ । होम आइसोलेशनमा पाँच हजार पाँच सय ८७, संस्थागत आइसोलेसन एक सय ७३, आइसियूमा ४२ र भेन्टिलेटरमा दुई जना संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् भने तथा दुई सयभन्दा बढी संक्रमित रहेका जिल्लामा कास्की र मोरङ छन् । शून्य संक्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, हुम्ला र बाजुरा रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा तीन हजार एक सय ६९, ललितपुरमा सात सय ४५ र भक्तपुरमा ९४ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ

# भक्तपुरमा १५ हजार मतदाता थपिए

**भक्तपुर/मस-** भक्तपुरमा १८ वर्ष उमेर पुगेका मतदान गर्न अधिकार प्राप्त १४ हजार नौ सय ९६ मतदाता थपिएका छन् ।

जिल्ला निर्वाचन कार्यालय भक्तपुरले गत असार १ गतेदेखि यही साउन १९ गतेसम्म गरेको मतदाता नामावली संकलन तथा अद्यावधिक अभियानमा विभिन्न बाह्य जिल्लाबाट आएका र भक्तपुरका स्थायी बासिन्दा गरी सो संख्यामा मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख नरेन्द्रप्रसाद न्यौपानेले जानकारी दिए ।

बसाईंसराइ तथा ठाउँ सारी गर्ने मतदाता एक हजार नौ छन् । प्रमुख न्यौपानेले बाहिर जिल्लाबाट बसाइ सरेर भक्तपुर बस्दै आएका नयाँ पाँच हजार ७७९ पुरुष र चार हजार ७०८ महिलाले भक्तपुरबाट फोटोसहितको मतदाता परिचयपत्रका लागि नाम दर्ता गराएको जानकारी दिए ।

नयाँ मतदातामध्ये दुई हजार आठ सय नौ पुरुष र एक हजार सात सय महिलाले फोटोसहितको मतदाता परिचयपत्रमा नाम दर्ता गराएको उनले बताए । मतदाता नामावली अद्यावधिक गर्ने क्रममा तीन हजार आठ महिला र दुई हजार नौ सय ७० पुरुषको त्रुटि सच्याइएको कार्यालयका सूचना अधिकारी भीमबहादुर बिसीले जानकारी दिए ।

आगामी मङ्सिर ४ गते सङ्घीय र प्रदेशसभाको निर्वाचनको मिति घोषणा गरिसकेकाले आजसम्म मतदाता नामावली सङ्कलन गरिने र भोलिदेखि बन्द हुनेछ । यसअघि भक्तपुरमा पुरुष ९२ हजार २६५, महिला ९७ हजार ३१४ र तेस्रो लिङ्गी पाँच कूल एक लाख ८९ हजार ५८४ मतदाता रहेकोमा अब थप भएको सूचना अधिकारी बिसीले जानकारी दिए ।

## भागबण्डा..

'तालमेलका निम्ति बैठकहरु बस्छ, छलफल हुन्छ । यसलाई व्यवस्थित र न्यायपूर्ण गर्ने सहमति भएको छ ।'

पाँच दल एक भएर चुनावमा जाने निर्णयमा पुगिसक्दा नेकपा एमालेको औपचारिक केही आएको छैन । बरु एमाले नेताहरु गठबन्धन विरुद्ध कसरी लड्ने भनेर रणनीति बनाउँदै छन ।

नेताहरुका अनुसार नागरिकलाई फरक फरक बिचारको तालमेल गलत हो भनेर भोट तान्ने एमालेको प्रयास हुनेछ । यही कुरा एमालेका नेता डा.भीम रावलले बताएका छन । विपरीत सिद्धान्त हुँदाहुँदै गठबन्धनका दलहरुले आगामी निर्वाचनमा तालमेल गर्नु संविधान विपरीत हुने उनको भनाइ छ ।

काठमाडौंमा आयोजित एक अन्तरक्रियामा बोल्दै नेता रावलले भने, 'पाँचदलीय गठबन्धनका बैठकहरु हेर्दा ती राजनीतिक दलहरुले विपरीत सिद्धान्त हुँदा हुँदै पनि तालमेल गर्ने कुरा अगाडि सारेको छ । यसरी आम निर्वाचनमा विपरित सिद्धान्त भएका राजनीतिक दलहरुले तालमेल गर्ने कुरा यो नेपालको संविधानको धारा २६९ को विरुद्धमा छ ।'

## क्यानडाको...

क्यानडा पठाइदिने र उतै स्थायी बसोबास 'सेटल'को व्यवस्थापन गरिदिने भन्दै पीडितलाई १४ लाख लाग्ने र मासिक दुई लाखभन्दा बढी तलब पाउने राम्रो कम्पनीमा काम लगाइदिन्छु भनेर ७ लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएपछि जाहेरीका आधारमा उनलाई पक्राउ गरेको प्रहरीले बताएको छ ।

पक्राउ परेका शेर्पामाथि थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले जनाएको छ ।

**डि.बि. इन्टरप्राइजेज एण्ड मोबाइल हब (प्रा.लि.)को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/२७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको **प्रा.लि. नं. २१२८१२/७५/०७६** को **डि.बि. इन्टरप्राइजेज एण्ड मोबाइल हब (प्रा.लि.), काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं.-३०** ठेगाना भएको मिति २०७९/०४/१५ को एकल शेयरधनीको विषेश बैठको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः डुन्डीराज देवकोटा, ईजाजत प्र.प.नं. ३३६, मोवाईल नं. ९८४९१५१४६५**

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०४/२१**

**एडभाईस ईन्टरनेशनल एजुकेसन कन्सल्टेन्सी प्रा.लि.**,को मिति २०७८/०७/०८ गते मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडभाईस म्यानेजमेन्ट मल्टिपल ट्रेनिङ सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १९५४९२)** साथैयस कम्पनीको परिवर्तन ठेगाना **टोखा न.पा.-०३, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/०८/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/०४/२१

यस कम्पनीको मिति २०७९/०३/२० मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस. के. एकेडेमी इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १८०९२३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मोनार्की एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. ५१७६५** को **ककनी माउण्टेन भ्यू प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/२१**

**रेड एण्ड एल्लो हस्पिटालिटी प्रा.लि.**को मिति २०७९/०४/०२ गते सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुलमोहर हस्पिटालिटी प्रा.लि. (प्रा.लि. नं.: २८२०११)** कायम गर्ने गरी मिति २०७९/०४/१७ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/०४/२१**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वरको मिति २०७९/०४/१३ को निर्णय अनुसार यस इभरग्रिन हर्बल एण्ड कस्मेटिक पोडक्ट प्रा.लि. (Evergreen Herbal and Cosmetic Product Pvt. Ltd) कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **जि.एम.एस. डर्मा प्रा.लि. (G.M.S. Derma Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुदाँ सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जि.एम.एस. डर्मा प्रा.लि.**
**G.M.S. Derma Pvt. Ltd.**
**दर्ता नं. ४३१९२/०६३/०६४**
**मोरङ जिल्ला, विराटनगर म.न.पा.- १३**

**कोरोना भाइरस रोगबाट बच्ने उपायहरू**




**स्वास्थ्य कार्यालय, कैलाली**
धनगढी, कैलाली

**कुवेत र मलेसियामा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी : **ROMA GLOBAL CO. FOR DELIVERY OF CONSUMER ORDERS W.L.L.** शहर : **KUWAIT**

पूर्व स्वीकृत मितिः २०७९/०३/१२ चलानी नं.: ६०१८१७७८ **L.T. No.:265708** पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver / Biker Rider | 30 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५७,८८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour / Reporter | 50 | 5 | | 95 | ३९,२७८ | | | | | | | |
| 3. | Vehicle / Light Driver | 40 | 0 | | 140 | ५७,८८४ | | | | | | | |

२. कम्पनी : **TAN CHONG MOTOR ASSEMBLIES SDN BHD** शहर : **JALAN**

पूर्व स्वीकृत मितिः २०७९/०१/०६ चलानी नं.: ६०१७८०८८ **L.T. No.: 261807** पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | स. काममा दक्ष | 1200 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ गते (13 August 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fusion International Pvt Ltd**
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Email: info@fusionintlpvt.com Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059
Tel 01-4465326, 9818016837, 9862804111, 9801087105, 9864432235, 9801307500

# छोरा चाहियो भन्दै ५ महिने गर्भवतीको हत्या !



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० साउन

रौतहटमा विभिन्न बहानामा कुटपिट गर्दा ५ महिने गर्भवती महिलाको मृत्यु भएको छ।

छोरा चाहियो भन्दै घरका सदस्यहरुले कुटपिट गरेर २१ वर्षीया पुनम साहको हत्या गरेको माइती पक्षले आरोप लगाएको छ।

बाराको पचरौता न.पा. वडा नं ९ कुडवा टोलका हरेन्द्र प्रसाद साहकी छोरी पुनम साहको ५ वर्ष अगाडि सामाजिक परम्परा अनुसार रौतहटको मौलापुर न.पा. वडा नं ७ संगैयाका सियाराम साहको छोरा रविन्द्र साहसँग विवाह भएको थियो।

रिपोर्टर्स क्लब नेपाल रौतहट शाखाको साक्षात्कार कक्षमा बिहीबार पत्रकार सम्मेलन गर्दै माइती पक्षले मृतक पुनम २ वर्षअघि गर्भवती भएको बेला श्रीमान पक्षले अल्ट्रासाउण्ड गराई, गर्भमा रहेको बच्चा छोरी भएको जानकारी हुनासाथ मृतकलाई डरत्रास, धम्की दिएर सो गर्भपतन गर्न लगाएको बताएको छ।

हाल दोस्रो पटक गर्भवती हुँदा पनि पुनमको गर्भभित्र के छ ? भनेर अल्ट्रासाउण्ड गराउन लगेपछि छोरी भएको थाहा पाई श्रीमान पक्षले गर्भ तुहाउन दबाब दिन थालेको र मृतक पुनमले इन्कार गरेपछि ससुरा, सासु, श्रीमान तथा घरका अन्य सदस्यहरुले कुटपिट गरी सामूहिक हत्या गरेर पासो लगाई झुण्ड्याएको माइती पक्षको आरोप छ।

गत साउन १५ गते बिहान करिब ८ देखि १० बजेको समयमा हत्या गरी माइती पक्षलाई राति ८ बजे १० घण्टाको अन्तरालमा मात्र जानकारी आएको मृतक पुनमका दाइ पन्नालाल साहले पत्रकार सम्मेलनमा जानकारी दिए। खबर आए पश्चात हेर्न जाँदासमेत मृतक बहिनी पुनम समक्ष प्रहरी र श्रीमान पक्षका व्यक्तिहरुले पुग्न नदिएको उनको भनाइ छ। उनले भने, 'मेरो बहिनीलाई झुन्डिएको अवस्था बनाई हामीलाई शव पोष्टमार्टम गरेको समेत हेर्न दिइएन।'

बहिनीको हत्या भएको ४ दिन बितिसक्दा पनि न्यायका लागि जिल्ला प्रहरी कार्यालय गौर रौतहटमा धाउँदा न्याय नपाएको माइती पक्षले गुनासो गरे।

मृत अवस्थामा फेला पर्दा बहिनीको जिउमा एउटा लुगा रहेको तर पछि फरक-फरक ३ किसिमका लुगा फेरिएको हुँदा पनि यो आत्महत्या नभई हत्या पुष्टि हुने पुनमका दाइ साहले बताए।

बहिनीको हत्या भएको पुष्टि हुँदाहुँदै पनि पिडक पक्षको प्रहरी प्रशासनमा ठूलो पहुँच भएका कारण आफूहरुले जिल्ला प्रहरी कार्यालय गौरमा मुद्दा लिएर जाँदा कुनै प्रकारको सुनवाइ नभएको मृतकका दाइ साहले गुनासो पोखे।

# जुम्ला विमानस्थलमा नयाँ टर्मिनल भवन बन्ने

**के.बि. अछुत/मध्यान्ह**
जुम्ला, २० साउन

कर्णाली प्रदेशको जुम्ला विमानस्थलमा नयाँ टर्मिनल भवन बनाउनको लागि १ करोड बजेट विनियोजन भएको छ।

चालु आर्थिक वर्षमा नेपालका १८ विमानस्थलको टर्मिनल भवन विस्तार तथा स्तरोन्नती गरिने नागरिक उड्ययन प्राधिकरणले जनाएको छ।

जसअन्तर्गत चालु आर्थिक वर्षमा नै जुम्ला विमानस्थलमा सुविधायूक्त टर्मिनल भवन निर्माण गर्नको लागि १ करोड रुपैयाँ बजेट बिनियोजन गरिएको हो।

कर्णाली प्रदेशको राजधानी सुर्खेत पछिको दोस्रो ठुलो शहरका रुपमासमेत परिचित जुम्ला विमानस्थलमा यात्रुको चाप अत्याधिक हुने गरेको छ। यद्यपी सेडुल अनुसार उडान नहुँदा यात्रुले सास्ती खेप्नु परेको छ।

विमानस्थल स्तरवृद्धिका तथा विस्तार नहुँदा यात्रुको चाप अनुसार ठूला जहाज जुम्ला ल्याउन नसक्दा समस्या भएको जुम्ला विमानस्थलका प्रमुख सन्तोष अधिकारीले जानकारी दिए।

उनका अनुसार जुम्ला विमानस्थल स्तरवृद्धिको पहल विगतदेखि भएको बताए। हालको टर्मिनल भवन निकै पुरानो भइसकेको उनको भनाइ छ। चालु आर्थिक वर्षमा प्राधिकरणले सुविधायूक्त टर्मिनल भवन बनाउनको लागि १ करोड रुपैयाँ बजेट गरिएको उनले बताए।

कार्यालय प्रमुख अधिकारीले विमानस्थलमा टर्मिनल भवन निर्माण पश्चात कर्णालीको पर्यटन प्रर्वद्धनमा उल्लेखनीय वद्धि हुने बताए।

विमानस्थलको टर्मिनल भवन निर्माण भएमा डोल्पा, हुम्ला, मानसरोवर तथा मुगुको राराताल आउने जाने स्वदेशी तथा विदेशी पर्यटक अनिवार्य जुम्ला पुग्ने कार्यालय प्रमुख अधिकारीले विश्वास व्यक्त गरे।

# बुटवलमा सामाजिक सूचना व्यवस्थापन प्रणालीको शुभारम्भ



**अजय मिश्र/मध्यान्ह**
बुटवल, २० साउन

रूपन्देहीको तिल्लोतमा नगरपालिकामा सामाजिक सूचना व्यवस्थापन प्रणाली कार्यक्रम सम्पन्न भएको छ। मणिग्रामस्थित होटल ड्रिमल्याण्डको सभा हलमा उक्त कार्यक्रमको लुम्बिनी प्रदेश महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री रमा घर्तीले उद्घाटन गरेकी थिइन्। वीनरकद्वारा संचालित हाम्रो सम्मान परियोजनाको आर्थिक सहयोग तथा माइती नेपालको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो।

सामाजिक सूचना व्यवस्थापन प्रणाली उद्घाटन कार्यक्रमको अध्यक्षता माइती नेपालका पूर्व अध्यक्ष तथा सामाजिक अभियन्ता विश्वराज खड्का, प्रमुख अतिथिमा लुम्बिनी प्रदेश महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री रमा घर्ती, विशिष्ट अतिथिमा लुम्बिनी प्रदेशका प्रहरी नायब महानिरीक्षक नल प्रसाद उपाध्याय, राजेन्द्र थापा, भरत राज शर्मा, सुमन पौडेल, इन्द्रजीत सहानी लगायत थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मन्त्री घर्तीले प्रदेशस्तरमा पहिलो कार्यक्रमकोरुपमा लुम्बिनी प्रदेशमा कार्यक्रम भएकाले सफलताको कामना गर्दै डाटाहरू एकिकृत गर्न यो साफ्टवेयर प्रभावकारी भई स्थानीय, प्रदेश र केन्द्र सरकारलाई समेत महिला, बालबालिका तथा जेष्ठ नागरिकको क्षेत्रमा काम गर्न सघाउ पुग्ने बताइन्। उनले महिला बालबालिका मात्र नभएर पुरुषहरु समेत बेचिएको थुप्रै घटनाहरू देखिने गरेको बताइन्।

लुम्बिनी प्रदेश महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ठूलो देखिए पनि बजेट सानो भएको बताउँदै मन्त्री घर्तीले महिला, बालबालिका तथा जेष्ठ नागरिकका क्षेत्रमा सरकारले गर्ने कार्यक्रमहरूमा सो क्षेत्रमा काम गर्ने संघ संस्थाहरु मिलेर काम गर्दा अझ प्रभावकारी हुने विश्वास व्यक्त गरिन्। मानव बेचबिखन आफैंमा गम्भीर समस्या भएकाले यसको समाधान सबै मिलेर गर्नुपर्ने अधिकांश वक्ताहरुको भनाइ थियो। कार्यक्रममा सामाजिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धित पुस्तक तथा साफ्टवेयरको शुभारम्भ गरिएको थियो।

सामाजिक सूचना व्यवस्थापन प्रणालीको विशेषताको बारेमा रत्न काजी क्षेष्ठले उपस्थित माझ प्रकाश पारेका थिए। कार्यक्रममा शुभकामना मन्तव्य पुनम थपलियाले राखिन्। कार्यक्रममा अन्य व्यवस्थापनको भूमिका माइती नेपालकी रूपन्देही तथा कपिलवस्तु जिल्ला कार्यक्रम प्रमुख माया क्षेत्रीले गरिन्।

कार्यक्रम सफलताको कामनासहित माइती नेपालले मानव बेचबिखनविरूद्ध काम गर्दै आएको स्मरण गराउँदै कार्यक्रमका अध्यक्ष विश्वराज खड्काले कार्यक्रम समापन गरे। कार्यक्रम संचालन माइती नेपाल केन्द्रीय कार्यालयका प्रतिनिधि राम सरण पौडेलले गरेका थिए। कार्यक्रममा कपिलवस्तु, रूपन्देही, बाँके, बर्दियाका १३ वटा पालिकाका आई.टी. हेर्ने कर्मचारी र महिला तथा बालबालिका शाखाका प्रतिनिधिहरू लगायत अन्यको सहभागिता रहेको थियो।


## साउदीमा रोजगार | कम्पनी: ARABIAN CASTLES GENERAL CONTRACTING COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७९/०४/२० चलानी नं.: ६०१८४५५७ LT. No.: 268691

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २४, २५ र २६ गते (9, 10 & 11 August 2022) मा हुनेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ गते (13 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

TEAMPRO Govt. License No: 1153/073/074
Teampro H. R. Services Pvt. Ltd.
P.O. Box: 19845 | Kathmandu-08, Nepal
Phone: 01-4372222
E-mail: teamprohrs@gmail.com

## कुवेतमा रोजगार अवसर | कम्पनी: REFRIGERATION INDUSTRIES AND STORAGE COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०१/१५ चलानी नं.: ६०१६९७०७ LT. No.: 252881 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Worker | 50 | 0 | स. काममा दक्ष | 125 | ५१,६८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Technician | 30 | 0 | | 135 | ५५,८१७ | | | | | | | |
| 3. | Cleaner | 14 | 0 | | 90 | ३७,२११ | | | | | | | |
| 4. | Duct Worker | 50 | 0 | | 140 | ५७,८८४ | | | | | | | |
| 5. | Electrician | 10 | 0 | | 110 | ४५,४८० | | | | | | | |
| 6. | Fittings Worker | 92 | 0 | | 110 | ४५,४८० | | | | | | | |
| 7. | Installation Worker | 49 | 0 | | 110 | ४५,४८० | | | | | | | |
| 8. | Loading Worker | 6 | 0 | | 90 | ३७,२११ | | | | | | | |
| 9. | Mechanic | 10 | 0 | | 125 | ५१,६८२ | | | | | | | |
| 10. | Office Boy | 10 | 0 | | 100 | ४१,३४६ | | | | | | | |
| 11. | Security Guard | 10 | 0 | | 220 | ९०,९६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ गते (13 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411, 9801117416
Email: nkhrdocumentation@gmail.com, Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66

## SAUDI मा रोजगार | कम्पनी : NAYEF HASSAN SAEED AL-AJMI CEMENT FACTORY
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०३/०५ चलानी नं.: ६०१८१३३३ L.T. No.: 265345 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६०,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ गते (13 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu, Tel 4581383
Mob.: 9805945922, 9805945923, 9805956422
Gov. Lic. No. 1422/074/075
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

## मलेसियामा रोजगार | कम्पनी : TAN SIN LIAN INDUSTRIES SDN. BHD.
शहर : Malaysia,Johor

पूर्व स्वीकृत मितिः २०७६/११/०७ चलानी नं.: ६०१५२०५० LT. No.:233304 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 19 | 0 | स. काममा दक्ष | 1200 | ३४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ गते (13 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रोजगारदाताले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: palhioverseas2006@gmail.com | Website: www.palhioverseas.com



## ROAD DIVISION
Mahendranagar, Kanchanpur

### Notice of Intention to Award Contract

Date of Publication:-2079/04/21

Road Division, Mahendranagar hereby notifies and intends to award the following listed contract and publish this notice to all concerned bidders regarding our Bid Notice No 12-RDMNR/078/79 in accordance with ITB Clause 37 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S.N | Contract No. | Name and Address of Bidder | Total Bid Amount including PS, without VAT (NRs) |
|---|---|---|---|
| 1 | RDMNR/337011384/078/79-054 | Rasun Nirman Sewa, Kalali | 1,11,50,419 /- |
| 2 | RDMNR/337011384/078/79-055 | Rasun Nirman Sewa, Kalali | 42,04,264.44 /- |

Division Chief



## कुवेतमा रोजगारको अवसर | १. कम्पनी: YUSUF AHMED ALGHANIM & SONS CO.WLL
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७८/१२/०४ चलानी नं.: ६०१७६१३२ L.T. No.: 259841 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 20 | 0 | सम्बन्धित काममा दक्ष | 155 | ६२,२४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 15 | 0 | | 180 | ७४,६९६ | | | | | | | |
| 3. | Indoor Laborer | 46 | 0 | | 85 | ३५,२७३ | | | | | | | |
| 4. | Light Vehicle Driver | 18 | 0 | | 135 | ५६,०२२ | | | | | | | |
| 5. | Outdoor Laborer | 8 | 0 | | 95 | ३९,४२३ | | | | | | | |
| 6. | Sales Associate (Salesman/ marketing/sales Executive) | 30 | 0 | | 135 | ५६,०२२ | | | | | | | |
| 7. | Warehouseman | 30 | 0 | | 120 | ४९,७९८ | | | | | | | |
| 8. | Washing Woker | 20 | 0 | | 85 | ३५,२७३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन २८ गते (13 August 2022) मा हुनेछ ।

